# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌का कार्यालय

(मं.प.समिति तथा सं.निकाय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।


मं.प.स.नि./०७०
पत्र संख्या :-
च.नं. :- ४४

श्री पुनिता
४/३/२५

मिति : २०७०।३।१९

श्री सचिवज्यू,
कृषि विकास मन्त्रालय ।

मिति २०७०।३।१९ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु–

"बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७० स्वीकृत गर्ने विषयको कृषि विकास मन्त्रालयको नं. ६।३-०७०।२।२ को प्रस्ताव मं.प.बै.सं. ७-०७०।२।९ मिति २०७०।२।९ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भए अनुसार छलफलमा उठेका विषयहरूसमेत समावेश गरी प्रस्तावसाथ प्राप्त "बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७०" को सट्टा परिमार्जन गरिएको यसैसाथ संलग्न "बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०" स्वीकृत गर्ने ।"

(कृष्णहरि बास्कोटा)
सचिव

श्री पन्तजी

सक्कल पत्र र प्राप्त कागजात
मन्त्री सचिवालयमा राख्ने पत्र र निर्देशिकाको
फोटोकपि आवश्यक कार्यार्थ कृ.व्य.प्र. महाशाखा, योजना महाशाखा, प्रशासन महाशाखा
र प्रवक्ताको कार्यालयलाई उपलब्ध गराउने।
कृ.व्य.प्र. महाशाखाले प्राप्त निर्देशिका,
१) अर्थ मन्त्रालय २) बीमा समिति ३) दैवि विपद्मा पठाउने ४) राष्ट्रिय योजना आयोगको सचिवालय (कृषि)
साथै निर्देशिकालाई छपाई गरी व्यापक रूपमा वितरण गर्ने व्यवस्था मिलाउने। ४/३/२५.


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०

**प्रस्तावना :** कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएकोछ । यो आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ को कृषि क्षेत्र विकास सम्बन्धी वुँदा नं. ११ मा माछा, पशुपंक्षी र कृषि उपजको व्यवसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो वीमाको ५० प्रतिशत अनुदान सरकारले दिने भनि उल्लेख हुनुका साथै नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको आर्थिक बर्ष २०६९/७० को आय–व्ययको सार्वजनिक जानकारी वक्तव्यको वुँदा नं. ३० मा समेत "कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपंक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न २०६९ माघ १ गते देखि लागु भएको माछा, पशुपंक्षी र बाली बीमा कार्यक्रममा सहभागी कृषकहरुले तिरेको वीमा प्रिमियमवापतको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोने गरी बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न वान्छनिय भएकोले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :-

(क) यो निर्देशिकाको नाम **"बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०"** रहेकोछ,

(ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. <u>उद्देश्यहरु</u> : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) कृषकहरुको कावु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक खेती तर्फ आकर्षित गर्न सहयोग गर्ने,

(ख) कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपंक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने,

(ग) कृषि क्षेत्रमा नीजीं तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"बाली"** भन्नाले खेती गरिएका अन्न, तरकारी, फलफूल, नगदेबाली, औद्योगिक बाली लगायतका कृषि उपजलाई जनाउछ, यसले मत्स्य पालन, मौरी पालन, रेशम खेती, च्याउ खेती समेतलाई जनाउँछ ।

(ख) **"पशुधन"** भन्नाले घरपालुवा पशु र पन्छीहरुलाई जनाउँछ । यसले स्त्री र पुरुष जाति दुवैलाई समेट्छ ।

(ग) **"बीमक"** भन्नाले बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनु पर्छ र सो शब्दले पुर्नवीमकलाई समेत जनाउँछ ।

(घ) **"बीमित"** भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने व्यक्ति वा परिवार वा कृषक समूह वा कृषक समिति वा कृषक सहकारी भन्ने सम्झनु पर्छ ।

(ङ) **"बीमा लेख"** भन्नाले बीमा समितिबाट जारी गरिएको बीमा लेख सम्झनु पर्छ ।

(च) **"काबु भन्दा बाहिरको परिस्थिती"** भन्नाले बाढी, पहिरो, खडेरी, अतिबृष्टि, अनाबृष्टि, असिना, हिंउ, तुसारो, बाली र पशुका रोग तथा किराहरु, भूकम्प, चट्याङ, बांझोपन तथा दुर्घटना जस्ता विभिन्नका परिस्थितीलाई जनाँउछ ।

(छ) **"समिति"** भन्नाले बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिलाई जनाउँछ ।

(ज) **"कार्यालय"** भन्नाले जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालय जनाउँछ ।

(झ) **"मन्त्रालय"** भन्नाले कृषि विकास मन्त्रालयलाई जनाउँछ ।

## परिच्छेद–२

### बाली तथा पशुधन बीमाको प्रिमियम रकममा अनुदान वितरण व्यवस्था

४. बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समिति :-

(क) यस निर्देशिकामा व्यवस्था भए बमोजिम बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा एक **बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समिति** रहनेछ ।

(ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| सह–सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सह–सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| सह-सचिव, राष्ट्रिय योजना आयोग (कृषि हेर्ने) | सदस्य |
| महा–निर्देशक, कृषि विभाग | सदस्य |
| महा–निर्देशक, पशु सेवा विभाग | सदस्य |
| मन्त्रालयले मनोनयन गरेको बीमा कम्पनीहरुको प्रतिनिधित्व गर्ने एक जना प्रतिनिधि | सदस्य |
| मन्त्रालयले मनोनयन गरेको कृषि विज्ञ वा पशु विज्ञ एक जना | सदस्य |
| कार्यकारी निर्देशक, बीमा समिति | सदस्य–सचिव |

(ग) उपदफा (ख) बमोजिमको समितिमा मन्त्रालयबाट मनोनित सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ र निजहरु पुनः मनोनयन हुन सक्नेछन् ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य निर्देशिका समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको सचिवालय बीमा समितिको कार्यालयमा रहनेछ ।

(च) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा देखिएका विवाद एवं समस्याहरु समाधान गर्ने ।

(२) बाली तथा पशुधन बीमा अनुदानको लागि आवश्यक पर्ने बार्षिक बजेट रकम अनुमान गरी मन्त्रालयमा प्रस्ताव पेश गर्ने ।

(३) बाली तथा पशुधन बीमा गर्ने कम्पनीलाई बीमा प्रिमियमको ५० प्रतिशत सम्म रकम अनुदान उपलब्ध गराउन व्यवस्था मिलाउने ।

(४) बीमक कम्पनीहरुबाट बीमा लेख बमोजिम कृषकहरुलाई सहजरुपमा दावी भुक्तानी उपलब्ध गराउन व्यवस्था मिलाउने ।

(५) बाली तथा पशुधन बीमा सम्बन्धी अन्य कार्यहरु ।

५. **बाली तथा पशुधन बीमा कोषको स्थापना** :-

(क) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा एक छुट्टै कोषको स्थापना गरिनेछ ।

(ख) उपदफा (क) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(१) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरुबाट कृषि तथा पशुधन बीमाको लागि प्राप्त हुने सहयोग रकम,

(३) स्थानीय निकाय, समुदाय तथा समूहबाट प्राप्त हुने रकम,

(४) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(ग) उपदफा (ख) को (२) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृत लिनु पर्नेछ ।

६. **कोषको सञ्चालन सम्बन्धी व्यवस्था** :- कोषको सञ्चालन देहाय बमोजिम गरिनेछ :-

(क) कोषमा प्राप्त हुने रकम नेपाल सरकारले तोकेको “क” वर्गको बैंकमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ,

(ख) कोषको खाता सञ्चालन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ,

(ग) कोषबाट बीमा प्रिमियम अनुदानको लागि मात्र खर्च गरिनेछ,

(घ) नेपाल सरकारबाट जारी भएका वा जारी हुने नीति निर्देशन बमोजिम बाली तथा पशुपन्छी बीमामा अनुदानको व्यवस्था गरिनेछ,

(ङ) समितिले आवश्यक ठानेमा कोषको सञ्चालनका लागि छुट्टै निर्देशिका वनाई कार्य गर्न सक्नेछ ।

७. <u>लेखा र लेखापरिक्षण</u> :-

(क) कोषको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ,

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।

## परिच्छेद–३

### बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रक्रिया तथा अनुगमनको व्यवस्था

८. <u>बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रक्रिया</u> : बीमाङ्कको प्रिमियममा अनुदान उपलव्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) बार्षिक कार्यक्रम स्वीकृत भएको हुनुपर्ने : बाली तथा पशुधन बीमाको प्रिमियम वापत दिइने अनुदान रकम बार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही दिइनेछ,

(ख) माछा, पशुपन्छी र कृषि उपजको व्यवसायिक उत्पादन गर्ने व्यक्तिले बीमा अनुदान स्कीम अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा गर्न बीमा ऐन, २०४९ अन्तर्गत स्थापना भएको बीमा कम्पनीमा निवेदन दिनु पर्नेछ,

(ग) उप दफा (ख) अनुसार प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्बन्धित बीमा कम्पनीले गर्नेछन् । यसरी बीमा गरिने बाली तथा पशुधनको कूल बीमा प्रिमियम रकमको ५० प्रतिशत रकम बीमीतले तिर्नु पर्नेछ र बीमीतले बीमा प्रिमियम रकम तिरेको मितिबाट नै बीमा लेख जारी भएको मानिनेछ । हाललाई बीमा प्रिमियम अनुदान स्कीम अन्तर्गत प्रति बीमाङ्कको अधिकतम सीमा रु. १ करोड सम्मको मात्र हुनेछ,

(घ) बाली तथा पशुधन बीमा गर्ने बीमा कम्पनीले बाँकी ५० प्रतिशत प्रिमियम रकम बाली तथा पशुधन बीमा कोषबाट भुक्तानी लिनु पर्नेछ । सो को लागि बीमा कम्पनीले बीमालेखको प्रतिलिपि र सम्बन्धित कार्यालयको सिफारिस पत्र जस्ता कागजात अनिवार्य रुपमा बीमा गरेको ३० दिन भित्र समितिमा पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका कागजातहरु समितिले अध्ययन गरी भुक्तानीको व्यवस्था मिलाउनेछ,

(ङ) बीमा गरिने बाली तथा पशुधनको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रकृया र बीमा सम्बन्धी अन्य ब्यवस्थाहरु बाली तथा

पशुपन्छी बीमा निर्देशन, २०६९ र सम्बन्धित बीमा लेखमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **अनुगमन सम्बन्धी व्यवस्था :-**

(क) अनुदान स्कीम अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा गर्ने बीमकले आफूले जारी गरेको बाली तथा पशुधन बीमा सम्बन्धी बीमालेख, त्यस्तो बीमा लेखले सिर्जना गरेको दायित्व तथा जोखिम तथा तोकि दिए बमोजिमका अन्य सूचनाहरु सहितको विवरण प्रत्येक चौमासिक समाप्त भएको मितिले पन्ध्र (१५) दिन भित्र नियमित रुपमा समितिमा पठाउनु पर्नेछ,

(ख) अनुदान स्कीम अन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा सदुपयोग र प्रभावकारिता वारे केन्द्रीयस्तरबाट अनुगमन तथा मूल्याङ्कनको कार्य मन्त्रालय, बीमा समिति र समितिबाट हुनेछ,

(ग) जिल्लास्तरमा नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्बन्धित कार्यालय र सो अन्तर्गतको सेवा केन्द्र/उपकेन्द्रबाट हुनेछ ।

१०. **विविध :**

(क) यस निर्देशिकामा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै विवाद भएमा सो को व्याख्या समितिको निर्णय बमोजिम हुनेछ, सो बाहेक अन्य विषयमा बाली तथा पशुपन्छी बीमा निर्देशन २०६९, बीमा लेख, बीमा ऐन २०४९, बीमा नियमावली, २०४९ र प्रचलित नेपालको कानून बमोजिम हुनेछ,

(ख) मन्त्रालयको कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा बाली तथा पशुधन बीमा सम्बन्धी कार्यहरुको समन्वयका लागि सम्पर्क विन्दुको रुपमा रहनेछ ।